# सामुदायिक वनका उपभोक्ता जडीबुटी खेतीतर्फ आकर्षित

गोरखापत्र ५७। ६२ साल वैशाख ३, २०६२

दाङ समाचारदाता

दाङ, वैशाख २ गते । वन पैदावरवाट दुना टपरी बनाउने, बाँसका सामग्रीहरू निर्माण गरी विक्री गरेर स्थानीय उपभोक्ताहरूलाई जीविकोपार्जनतिर अभिप्रेरित गर्ने देउखुरी उपत्यका सामुदायिक वनका उपभोक्ताहरू अब जडीवुटी खेतीतर्फ उन्मूख भएकाछन् । सो उपत्यकाका एक सय सामुदायिक वनमध्ये १७ वटा उपभोक्ताहरूले जडीवुटी नर्सरी उत्पादन गरी जडीवुटी खेती गर्न शुरु गरेकाछन् ।

गोवरडिहा सामुदायिक वन, महादेव सामुदायिक वन, लक्ष्मी सामुदायिक वनका अतिरिक्त करी, वनघुस्री, भीमवाङ, नवशान्ति, उचानिम्वु र स्वर्गहारी सामुदायिक वनका उपभोक्ताहरू यस खेतीतर्फ लागेकाछन् । लालमरिया गाउँ विकास समितिभित्रको घण्टदेव र सिसहनिया गाविसको देउकी सामुदायिक वनले एकवर्ष अघिदेखि परीक्षणका लागि जडीवुटीको वृक्षारोपण गरेका छन् ।

गढवा इलाका वन कार्यालयका अधिकृत प्रभुनाथ यादव, जडीवुटीका प्रजातिहरू सर्पगन्धा, अश्वगन्धा, कालमेघ र कुरिलो नर्सरी उत्पादनका लागि सामुदायिक वनका पदाधिकारीलाई तालिम दिएर जडीवुटी खेती शुरु गरिएको वताउँछन् । आर्थिक दृष्टिकोणले - पछिपरेका उपभोक्तालाई प्रति परिवारलाई एकहजार विरुवा रोप्न लगाउने र खेतीवाट आम्दानी भएमा १० प्रतिशत मात्र लिने लक्ष्य राखिएको वताइन्छ ।